- सामाजिक, सांस्कृतिक अभ्यासहरू तथा परम्परागत जीवन उपयोगी सिपहरू नयाँ पुस्तामा हस्तान्तरण, संरक्षण र विकास हुँदै जान्छन् ।
- समाजलाई आवश्यक पर्ने मानवीय स्रोत तथा संसाधनको सहज उपलब्धता हुन सक्दछ ।
- परिवार, समाज र राज्यका निकायहरूमा बालअधिकार को सुनिश्चितताका अभ्यासहरू प्रबर्धन हुन सक्दछन् ।
- आवश्यकताको समयमा समुदायमा नै वैकल्पिक हेरचाहको उपलब्धता हुन सक्दछ ।
- आजका बालबालिकाहरू भविष्यका अभिभावक र परिवार भएका हुनाले, अधिकारको सुनिश्चितता सहित परिवार मा हुर्किएका बालबालिकाहरू भविष्यमा सशक्त र सबल परिवार एवं अभिभावकका स्वमाविकास हुन सक्दछन् ।
- बालबालिकाको नाम र पहिचानको अधिकारको संरक्षण तथा प्रवर्द्धन हुन्छ ।

**ख्याल गर्नुहोस् : बाबुआमासँग बस्न पाउनु प्रत्येक बालबालिकाको अधिकार हो ।**

**बालबालिकाहरु बाबुआमा वा परिवारबाट टाढा रहँदा निम्न प्रकारका खतरा हुन सक्छन् –**

- बालबालिकाहरु माथि दुर्व्यवहार, कुटपिट, हेला र हिंसा हुन सक्छन् । जतिखेर बुवाआमा र परिवार सँगै हुदैनन्, यस्ता व्यवहार धेरै भएको अवस्था छ ।
- बालबालिकाहरूलाई यौन दुर्व्यवहार जस्तो जघन्य अपराध भएको पाइएको छ ।
- धेरै बालबालबालिकाहरूलाई राम्रो खाने,राम्रो लाउन दिने प्रलोभनमा बेचबिखनको जोखिममा पारेको सम्म पाइएको छ । परिवारसँग नहुँदा बालबालिकाहरू बेचबिखनमा पर्न सक्छन् ।

- बालबालिका परिवारबाट टाढा रहँदा शिक्षाबाट वञ्चित रहेको अवस्था समेत पाइएको छ ।
- बालबालिकाहरू बाबुआमाबाट टाढा रहँदा श्रमशोषण र दुर्व्यवहारमा परेको पाइएको छ । परिवारबाट टाढा रहेका बालबालिकाहरू श्रमशोषणको चपेटामा पर्न सक्छन् ।
- बालबालिकाहरू परिवारबाट टाढा हुदा आफ्नो रिती रिवाज, परम्परा र संस्कृतीको हरूको ज्ञान कम हुन जान्छ ।
- त्यसैले...

**परिवारमै बिताऔं हाँस्दै खेल्दै गरेर**
**पढिलेखी विकास गरौं समुदायमै रहेर"**


समाज सेवा तथा मानव अधिकारमा
महिला तथा बालबालिका (सिविस)
बुद्धनगर, काठमाडौं ।
फोन नं. : ०१ ४७८४५४५
हेल्प लाइन : १६६००११००००

सृजनशील युवा समाज
रामेछाप
फोन नं ०४८ ५४०४६६
SYS
सृजनशील युवा समाज, रामेछाप

प्रयास नेपाल, धाविङ
फोन नं ०१०५२०४५०

महिला आत्मनिर्भरता केन्द्र
सिन्धुपाल्चोक
फोन नं ०११४०१०४८
मान्क, सिन्धुपाल्चोक

फोएप, काभ्रे
फोन नं ०११६८१६५०
FOWEP
फोएप, काभ्रे


# आफ्नो घर...
# आफ्नै परिवार



**परिवारमै बसी बुबा आमाको माया र स्नेहमा हुर्कन पाउनु प्रत्येक बालबालिकाको अधिकार हो ।**

**मिठो खाने राम्रो लाउने देखाउलान् है लोभ**
**बाबाआमा परिवारभन्दा छैन अर्को सुख**
**आफ्नै गाउँका साथी भाइ आफ्नै सहपाठी**
**आफ्नै बाबाआमासँग बस्नु सबै भन्दा जाती**

प्यारा भाइबहिनीहरू, बालबालिकाका धेरै अधिकारहरु छन्। ती मध्ये पनि बाबुआमाको माया ममता र स्याहार पाउने अधिकार भनै महत्वपुर्ण अधिकार हो । हामी तपाईँहरूसँग आज बालअधिकार र परिवारसँग बस्न पाउने अधिकारका बारेमा पनि छलफल गर्दछौँ ।

## बालअधिकार भनेको के हो त ?

बालबालिकाहरूले स्वतन्त्र रुपमा जीवनयापन गर्ने र उनीहरूको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने आधारभुत कुराहरू नै बालअधिकार हुन् । बालबालिकाले पढ्न लेख्न पाउनु,औषधी पाउनु, खेल्न र मनोरञ्जन, माया स्नेह, सामाजिकिकरण, पारिवारिक स्याहार, संरक्षण, आफ्ना विचार तथा भावनाको अभिव्यक्ति एवं सुनुवाइ, आफ्नो धर्म संस्कृति, चाडपर्व मान्न पाउनु एवं कुनै पनि किसिमका हिंसा, दुर्व्यवहार, भेदभाव, शोषण तथा जोखिम भएका अवस्थामा न्याय र संरक्षणका व्यवस्थाहरू हुनु नै बालबालिकाका आधारभुत अधिकारहरु हुन् ।

## बालअधिकार महासन्धिमा भएका कुराहरूलाई चार खण्डमा राखि बुझ्न सकिन्छ ।

### क) बाँच्न पाउने सम्बन्धि अधिकार

कुनै पनि कारणबाट बालबालिकाको दीर्घ जीवन र स्वास्थ्यमा नकारात्मक असर पर्नबाट संरक्षित हुन पाउनु तथा बालबालिकाको दीर्घ र स्वस्थ जीवनका लागि आवश्यक खाना, बास, लत्ता कपडा, औषधी, खोप, पोसिलो खाना, हेरचाह तथा माया स्नेह एवं स्तनपान गर्न पाउने व्यवस्थाको सुनिश्चितता हुनु बालबालिकाको बाँच्न पाउने **सम्बन्धि** अधिकार हो ।

### ख) संरक्षण सम्बन्धि अधिकार

बालबालिकाको संरक्षणको अधिकार अन्तर्गत प्रत्येक बालबालिकाको नाम र जन्म दर्ता, परिवारसँग बस्न पाउने, सामाजिकिकरण आफु विरूद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, बेचबिखन, ओसारपसार, शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, विभिन्न कारणले जोखिमपुर्ण अवस्थामा रहेका बालबालिकालाई सुनिश्चित भविष्यका लागि स्थानीय तहबाट पुर्‍याइने विशेष संरक्षण, बालबालिकालाई निजका बाबुआमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय व्यवहारबाट संरक्षण प्राप्त गर्ने अधिकारहरु पर्दछन् । यसका साथै सशस्त्र द्वन्द्व र युद्धका क्रममा बालबालिकाको प्रयोगलाई बन्देज गर्ने र उनीहरूको संरक्षण गर्न तथा बेचबिखन, यौन शोषण एवं अश्लील चित्रणका कार्यहरूबाट बालबालिकालाई विशेष संरक्षण प्रदान गर्न ऐच्छिक प्रलेखहरु लागु गरिएका छन् । बालबालिकाहरूलाई निकृष्ट प्रकारका श्रममा संलग्न हुनबाट रोक्न आइएल्ओ महासन्धि १८२ लागु गरिएको छ ।

### ग) विकास सम्बन्धि अधिकार

विकासको अधिकार अन्तर्गत शिक्षा, खेलकुद, स्वास्थ्य, मनोरञ्जन तथा व्यक्तित्व विकासका अधिकारहरु पर्दछन् । साथै बालबालिकासँग सम्बन्धित क्षेत्रहरु विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जन स्थल आदिको उपयोगमा बालबालिकाका अधिकार संरक्षित रहने विषयहरु पनि विकासको अधिकार अन्तर्गत पर्दछन् ।

### घ) सहभागिता सम्बन्धि अधिकार

सहभागिताको अधिकार अन्तर्गत बालबालिकालाई प्रभावित पार्न सक्ने विषयहरूमा छलफल तथा निर्णय गर्दा उनीहरूसँग परामर्श गर्नुपर्ने र उनीहरूको विचारको उचित सुनुवाइ हुनुपर्नेअधिकार पर्दछन् । यस अन्तर्गत बालबालिकाहरूको सुचना प्राप्त गर्ने, विचार तथा भावना अभिव्यक्त गर्ने, सङ्गठन बनाउने तथा सिर्जनात्मक एवं मनोरञ्जनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने स्वतन्त्रता पनि पर्दछन् । साथै बालबालिकासँग सम्बन्धित विषयको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा बालबालिका संलग्न हुन पाउने अधिकार पनि पर्दछन् ।

## बालबालिकाको पारिवारिक हेरचाहको अधिकार भनेको के हो ?

- तपाईँ प्रत्येक बालबालिकाले पारिवारिक माया, स्नेह, उचितमार्गदर्शन, स्याहार र संरक्षण प्राप्तगर्न पाउनु नै बालबालिकाको पारिवारिक हेरचाहको अधिकार हो । यस अधिकारलाई बालअधिकार महासन्धिको धारा ९ र १० मा विशेष रुपमाउल्लेख गरिएको छ ।

**बालबालिकाहरूलाई आफ्नै बाबाआमासँग र परिवारमा बस्ने अधिकार छ । यसका धेरै फाइदाहरू छन् । घर परिवार नै बालबालिकाकालागि सबैभन्दा महत्वपुर्ण स्थान हो किनभने—**

- परिवार बालबालिकाका लागि सबैभन्दा सुरक्षित र अवसरयुक्त स्थल हो ।
- परिवार बालबालिकाको पहिलो पाठशाला पनि हो। परिवारमा बसिरहँदा बालबालिकाहरूले सामाजिक, सांस्कृतिक व्यवहारहरु, अनुशासन, संस्कार तथा सानाठुलालाई गर्नुपर्ने आदर र मायाका पाठहरु सिक्न सक्छन् ।
- परिवारले बालबालिकाहरूलाई जोखिमबाट जोगाउन र कुनै दुर्घटना भएको अवस्थामाउपयुक्त संरक्षण, स्नेह र सहारा प्रदान गर्न सक्दछ ।
- बालबालिकाहरु माथि हुन सक्ने हिंसा, भेदभाव, दुर्व्यवहार एवं शोषणका जोखिमहरु कम हुन जान्छन् ।
- विशेष अवस्थाका बालबालिकाहरु (विभिन्न अपाङ्गताभएका तथा कुनै रोग वा दुर्घटनाको सिकार भएका) प्रति हुने सामाजिक लाञ्छना र भेदभावहरू घट्दछन् ।